# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा

प.सं. ०७७/७८
च.नं.

१ नं. प्रदेश नेपाल

कृषि अधिकृत करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मिति : २०७७-०५-०१)

बाह्रदशी गाउँपालिकाको कार्यालयमा काम-काज गर्ने गरी कृषि अधिकृत (छैठौं तह) पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/०७७/७८ | कृषि अधिकृत | स्थानीय सेवाको अधिकृत छैंठौं तह सरह | १ |

(१) आवश्यक न्यूनतम योग्यता र पाठ्यक्रम :-
क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (B.Sc.Ag.) वा सो सरह उतीर्ण गरेको।(विदेशी शैक्षिक संस्था वा बोर्डको हकमा त्रिभुवन विश्व विद्यालयबाट (T.U.) बाट मान्यता/समकक्षता प्राप्त गरेको हुनुपर्नेछ।
ख) उमेर : कम्तीमा २१ वर्ष पुरा भई पुरुषको हकमा ३५ र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
ग) पाठ्यक्रम : नेपाल कृषि सेवाको लागि लोक सेवा आयोगद्वारा पारित विभिन्न उपसमूहहरुको पाठ्यक्रम।
(२) दरखास्त दिने स्थान : बाह्रदशी गाउँ कार्यपालिकाको कार्यालय।
(३) दरखास्त दिने अन्तिम मिति :- २०७७/०५/१५ गतेसम्म कार्यालय समयभित्र।
(४) आवेदनको दस्तुर : रु. १०००।-
(५) छनौटको किसिम : लिखित र अन्तर्वाता परीक्षा।
(६) आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,
- नागरिकता,
- उम्मेद्वारको व्यक्तिगत विवरण
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र,
- चारित्रिक प्रमाणपत्र,
- ३ प्रति पासपोर्ट आकारका फोटो,

(७) सेवा सुविधा : स्थानीय सेवाको छैंठौं तह सरह।
(८) सम्पादन गर्नु पर्ने कार्य विवरण : प्रचलित नियमानुसार गाउँपालिकामा कृषि अधिकृत छैठौं तहले गर्नु पर्ने कार्य बमोजिम हुनेछ।
(९) यसको लागि दरखास्त फारम www.bahradashimun.gov.np र यस कार्यालयबाट उपलब्ध हुनेछ र थप आवश्यक जानकारीको लागि सम्पर्क नं. ९८०११४५१९७/९८५११४५१९७ सम्पर्क गर्न सकिनेछ ।

.............................
ज्ञान बहादुर पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

**"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"**

Website: www.bahradashimun.gov.np // gmail: bahradashirm@gmail.com